# बौद्ध परम्परामा शरणगमन

इन्द्र प्रसाद काफ्ले

*Lumbini Buddhist University, Examination Office, Lumbini, Nepal*

• ***Article History:*** *Submitted 26 February, 2025; Reviewed 22 March, 2025; Revised 30 March, 2025* • ***Corresponding Author:*** *Indra Prasad Kafle*
• ***Email:*** *indrakaflel@lbu.edu.np*

## लेखसार

*अनन्तः गुणले सम्पन्न भएको अमूल्यरत्नको रुपमा बुद्ध, धर्म र संघलाई बुद्धधर्ममा सामान्यतया त्रि–रत्न भनिन्छ। लौकिक अभ्युदयः र निःश्रेयस प्राप्तिको मूल आधार नै शरणगमन मानिन्छ। भारतिय उपमहाद्धिपमा बौद्ध परम्परा बाहेक अन्य धार्मिक, आध्यात्मिक परम्परामा पनि शरणगमनको अभ्यास पद्धति प्रचलनमा रहेको पाईन्छ। तर बौद्ध परम्परामा शरणगमनको मूल उद्धेश्य दुखलाई पुर्णरुपमा नष्ट गर्दै अर्हत्व लाभ गर्नु या सम्यकसम्बुद्धता पूर्णरुपेण अधिगम गर्नु रहेको देखिन्छ। यो अर्थमा सामान्य लौकिक लाभका लागि शरणगमन गरिने पृथकजनले अवलम्वन गर्ने परम्परामा भन्दा लोकोत्तर चित्तोत्पाद गर्दै आध्यात्मिक मार्गको पराकाष्ठा अवस्था प्राप्त गर्ने बौद्ध शैलीको शरणगमनले पूर्वीय दार्शनिक तथा आध्यात्मिक प्रणालीमा रुपतालिका नै परिवर्तन गरेको देखिन्छ। महायान–बज्रयान प्रणालीमा शरण गमनको अझ परिष्कृत र बृहत्तर अवधारणा देखिन्छ। बज्रयानीय गुरु, बुद्ध, धर्म र संघ गरी ४ वटा स्तरमा शरणगमन गर्ने शैली बौद्ध प्रणालीको मौलिक चिन्तनको रुपमा स्थापित भएको देखिन्छ। यो बाहेक गुरु, बुद्ध, धर्म र संघको सारकै रुपमा रहेको आफ्नै चित्तमा शरण गमन गर्ने बौद्ध व्याख्या प्रणालीका बारेमा आम रुपमा चर्चा गरेको देखिदैन। यद्यपी शुन्यता र महाकरुणाले युक्त धर्मकायरुपी आफ्नै चित्त सन्ततिमा शरण गरी आफ्नो र जगत्का सम्पूर्ण प्राणीको हितमा लाग्ने दृढ संकल्प सहित बोधिचित्तोत्पाद हुदै पारमिता पुरा गरी पुण्यसंभार र ज्ञानसंभार पूर्ण गर्ने एकिकृत बौद्ध प्रणालीको बारेमा जानकारी पस्किने उद्देश्यका साथ यो लेख तयार पारिएको छ। श्रावकयानीय शरणगमन परम्परा देखि सम्यकदृष्टिले युक्त दार्शनिक धरातल, विविधताले युक्त उपायकौशल्य र फलरुपी सम्यक सम्बुद्धतालाई एकिकृत गरिएको महायानीय शरणगमनका बारेमा चर्चा गर्नु यो लेखको मूल उद्देश्य रहेको छ।*

***शब्द कुञ्जिकाः*** *शरणगमन, बोधिचित्तोत्पाद, श्रावकयान, महायान– बज्रयान, लौकिक र लोकोत्तर, शरणगमन, बौद्ध ब्याख्या प्रणाली*

## विषय प्रवेश

सर्वज्ञता हासिल गरी अरु प्राणीहरूलाई दुःखबाट तार्न आफ्नो जीवन लोकहितमा समर्पण गर्नुभएका बुद्ध, उहाँले सिकाएको अमृततुल्य शिक्षा, साथै सद्धर्मरुपी शिक्षालाई सम्यक रुपमा ग्रहण गरी सम्पूर्ण क्लेश क्षय गरी आर्य अवस्था लाभ गरेको शिष्यहरूको समूह जसलाई संघ भनिन्छ। यी तीनवटा आयाममा सच्चा हृदयले सम्यक रूपमा शरणगमन गर्नु नै त्रिशरण गमन हो। यो खालको शरणगमन गर्ने शैली विशुद्ध बौद्ध प्रणालीभित्र साधना गर्ने उद्देश्यले अभिप्रेरित भएका साधकहरूलाई स्वयं बुद्ध भगवानबाट र उहाँको परिनिर्वाण पछि उहाँका शिष्यहरूबाट अनवरत रुपमा प्रदान गर्दै आएको पाइन्छ।

मनुष्यहरूको आ-आफ्नो क्षमता, रुची, उनीहरूको मानसिक अवस्था, अधिमुक्ति अनुरूप बुद्धले दिएका शिक्षामा धैरै ठूलो विविधता र विशालता पाइन्छ। तदनुरूपको शिक्षाको दार्शनिक आधार, उपायहरू र फल पनि सामान्यतया उस्तै प्रकृतिको भएपनि विषयवस्तुको अनुभूतिको सूक्ष्मता, गहिराई र फलको दृष्टिकोणले विविध थिए। ती शिक्षाहरू ऐतिहासिक कालक्रममा मुख्यतयाः दुई खालका प्रणाली मार्फत आज पनि जीवन्त र गतिशीलता पूर्वक प्रवाह भइरहेका छन्। श्रावकयानीय प्रणाली र महायानीय प्रणाली गरी दुईवटा अटुट धारा मार्फत सम्प्रेषण भइरहेको बौद्ध शिक्षा भित्र पनि शरणगमन प्रक्रियामा धैरै कुरामा समानता र केही केही पक्षमा विशिष्टता पाइन्छ। यो लेखमा किन शरण गमन सम्पूर्ण बौद्ध प्रणालीको प्रस्थान बिन्दु हो, विभिन्न परम्परामा शरणगमनमा कस्तो विविधता पाइन्छ, शरणगमनको उद्देश्य र लक्ष्य र फाइदाहरू के के हुन् भन्ने विषयवस्तुमा, परम्पराको हिसाबले बौद्ध शास्त्रीय प्रणाली अनुरूप विवेचना गर्ने प्रयास गरिएको छ।

## शोधविधि

यो लेखमा विभिन्न बुद्धवचनको आधारमा शरणगमन के हो भन्ने विषयबस्तुलाई गुणात्मक शोधविधिको अनुशरण गर्दे व्याख्यात्मक र समिक्षात्मक विधिवाट विश्लेषण गर्ने काम गरिएको छ। भाषिक रुपमा बुद्धलाई उच्च आदरार्थी भावमा सम्प्रेषण गर्ने बौद्ध परम्परालाई अध्ययनमा समावेश गर्नुपर्छ भन्ने शोधकर्ताको आसय रहेको छ। सो अनुरुपको भाषा शैलीलाई अवलम्वन गर्ने प्रयास गरिएको छ। शरणगमनका विविधता, उद्देश्यका बारेमा अभिलिखित गरिएका विभिन्न पुस्तकमा उल्लेख गरिएका प्रसङ्गहरू द्धितीय स्रोत र पाली त्रिपिटक,संस्कृत सूत्रहरू एवम् अन्य बुद्धभाषित सुत्रका

अंशहरूलाई प्राथमिक र आधिकारिक स्रोत सामाग्री मान्दै विषयवस्तुको विश्लेषण र व्याख्यात्मक शैलीको विधिवाट विषयवस्तुको उठान गरिएको छ। यो लेखमा बुद्धरत्न,धर्मरत्न र संघरत्नको बारेमा शास्त्रिय रुपमा विवेचना गर्ने तर्फ केन्द्रित नभई शरणगमनको ऐतिहासिक पृष्ठभूमि, शरणगमनमा भएको विविधता एवं शरणगमनका फाईदाहरूका बारेमा मात्र सिमित भएर अध्ययन गरिएको छ।

## बौद्ध शरणगमनको ऐतिहासिक पृष्ठभूमि

बुद्धको जीवनमा तीनवटा कुराहरू महत्वपूर्ण शिखरका रुपमा स्थापित छन्। ती महान् त्याग, महाकरुणा र प्रज्ञा हुन् (सान्टिना २३)। ती मध्ये २९ बर्षको उमेरमा गृह त्याग गर्नु र तत्कालिन समयका दर्शन, आध्यात्मिक परम्परा, लौकिक देवीदेवताबाट मुक्ति मिल्छ भन्ने कुराको परिक्षण पछि त्याग गर्ने बुद्धको सबैभन्दा उदाहरणीय पक्ष मान्न सकिन्छ। शुरुमा समाधिको अभ्यास र पछि विपश्यना ध्यानको अभ्यासको बलमा ३५ बर्षको उमेरमा सम्यक सम्बुद्धत्व लाभ भएको थियो। विपश्यना ध्यानबाट नै वहाँले सर्वज्ञता हासिल गरेको मानिन्छ। भगवान बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो र अरुको वास्तविक रुपमा कल्याण या हित गर्नमा सबैभन्दा उपाय कौशल हुनुहुन्थ्यो। त्यसैकारण उहाँले उपदेश गर्नुभएको सद्धर्म विश्वमै अद्वितीय र अतुलनीय मानिन्छ (रिजाल १)। बुद्धकालीन समाजले तत्कालै अन्धाधुन्ध रूपमा बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो, उहाँको शिक्षा अनुपम थियो र उहाँको सघं सम्पूर्ण क्लेशबाट रहित आर्य गुणहरूले सु-सम्पन्न थियो भन्ने कुरा सहजै स्वीकार गरेको थिएन।

ऐतिहासिक रूपमा बोधिसत्व सिद्धार्थका रूपमा ६ वर्षको दुष्करचर्या गर्ने क्रममा उहाँसँगै साधनारत पञ्चवर्गीय भिक्षुहरूले उहाँले अवलम्बन गरेको कठोर साधना त्याग गर्दै मध्यमप्रकारको जीवनशैलीलाई असहमति जनाउँदै उहाँको सानिन्ध्यता त्याग गरी अन्यन्त्रै गएका थिए। बोधिसत्व सिद्धार्थले अब सम्यक सम्बुद्धता हासिल गर्दैनन् भन्ने निष्कर्षमा उनीहरू पुगेका थिए भन्ने पाइन्छ। ३५ वर्षको उमेरमा बोधगयामा बुद्धत्व प्राप्तिपछि तत्कालीन समयमा क्लेशलाई सबैभन्दा क्षीण पारेका, समाधिका विभिन्न चरणहरूमा पारङ्गता हासिल गरी एक सम्बुद्धका शिक्षा ग्रहण गर्ने सर्वोत्तम पात्रता भएका पञ्चवर्गीय भिक्षुहरू नै देशना गर्नका लागि उपयुक्त हुन्छन् भन्ने आधारमा पहिलोपटक ऐतिहासिक रुपमा भारतको सारनाथमा पहिलो धर्मचक्र प्रवर्तन गरिएको थियो। यो धर्मचक्रप्रवर्तनका लागि स्वयं बुद्ध भगवान् उनीहरूलाई खोज्दै सारनाथ पुग्नुभएको र उनीहरूले यसभन्दा अगाडि सत्संग गरेका कारण बोधिसत्व सिद्धार्थमा अझ पनि शङ्कालु नजरले पञ्चवर्गीयले हेरेको भन्ने प्रसङ्गहरू पाइन्छन् (प्राणपुत्र २१)। यहाँनिर दुईवटा तथ्यहरू ऐतिहासिक रुपमा तत्कालीन समाजले र आध्यात्मिक परम्पराका साधकहरूले अवलम्बन गरेको पाइन्छ। एउटा तथ्य के हो भने बोधिसत्व सिद्धार्थमा सामान्य पृथकजनमा भन्दा अलग्गै

जनसाधारणले सजिलै अवलोकन गरी पत्ता लगाउने बत्तीस लक्षण र असी अनुव्यञ्जनले युक्त शरिर थियो। उहाँको चर्या, अभिव्यक्ति पनि जन्मदै मानवीय र सँगसँगै अलौकिक दिव्य परामानवीय गुणले युक्त थियो। यी कुराहरू ऐतिहासिक रुपमै प्रमाणिक तथ्य हुन्। यो तथ्यलाई बोधिसत्व सिद्धार्थका रूपमा होस् या सम्यक सम्बुद्धता लाभपछि बुद्ध स्वरूपमा परिवर्तन भएपछि होस्, तत्कालीन समाजका राजाहरू, आध्यात्मिक जीवन अनुसरण गर्ने विभिन्न परम्परावादी गुरुहरू, साधकहरू र जनसाधारणहरूले विभिन्न चरणमा अवलोकन गरी, यकिन गरी स्विकार गरेका थिए। स्वयंको आफ्नो नीजि अनुभवबाटै बुद्धका बत्तीस लक्षण र अस्सी अनुब्यञ्जनको कायरुपी भब्यतालाई स्विकार गरेका थिए। त्रिपिटक भित्र धेरै प्रसङ्गबाट यो कुरा थाहा पाउन सकिन्छ। यही दिव्य भावबाट अभिप्रेरित भएर नै सिद्धार्थको सम्यक सम्बोधीको व्यग्र प्रतीक्षामा पञ्चवर्गीय भिक्षुहरू थिए। सम्यक सम्बुद्धता अधिगम गर्ने बौद्ध मध्यम प्रतिपदाको शैली जुन तत्कालीन समाजबाट लुप्त भएको थियो। शाश्वतवाद र अति पीडादायक, कष्टपरक कठोर साधनाबाट मात्र मुक्ति सम्भव छ भन्ने मान्यताले ग्रसित भएको कारणबाट नै पञ्चवर्गीयहरूले उपेक्षा गरेका थिए।। जब सम्यक सम्बुद्धका रूपमा सारनाथमा उहाँ आउँदै हुनुहुन्थ्यो तब नै नबोलेर नै अनभिलपित सञ्चार (Non-verbal communication) बाट र धर्मताको भव्य असरले स्वतः स्फुर्त रूपमा नै पञ्चवर्गीय भिक्षुलाई आकर्षण गरेको थियो (शास्त्री १८१)।

पहिलो पटक मनुष्यका रूपमा सर्वप्रथम यी पाँचजना आध्यात्मिक साधकहरू बुद्धको शरणमा र धर्मको शरणमा गएका थिए। यी सबैलाई चतुआर्य सत्य , अनित्य, दुःख, अनात्मको अनुभुति गर्दे श्रोतापन्न, सकृदागामी, अनागामी हुँदै अरहन्त अवस्था लाभ भएको थियो। यसरी पहिलो पटक बुद्धसहित पाँचजना अरहन्तको आर्यसंघ निर्माण भएको थियो (थेर १८४)। जगतकल्याणका लागि जन्म मरणको चक्र चुँडाएर मुक्तिपद दिलाउनका लागि बुद्धको सघंमा आबद्ध सबैलाई बुद्धले निर्देशन गर्नुभएको थियो। यस ऐतिहासिक परिघटनापछि बुद्ध बाहेक उहाँको धर्मलाई अनुभूतिको स्तरमा साक्षात्कार गरेका व्यक्तिहरूले बुद्ध र धर्मको शरण गमन गराउँदै बुद्धको शिक्षालाई दिन दुगना रात चौगुना गर्दै फैलाईएको थियो।

ऐतिहासिक रुपमा बुद्धकालिन समयमा भारतवर्षका लाखौं मानिसहरूले भगवान् बुद्धको अद्भूत निर्माणकाय, धर्मकायको दर्शन गरी शरणगमन पश्चात् तत्काल निर्वाणदर्शी बनेका अनेक उदाहरण पाली त्रिपिटकमा जतातते अभिलिखित छन्। सम्यक सम्बुद्धता पछि पहिलो पटक कपिलवस्तुको निग्रोधाराममा राहुलको प्रवज्या, प्रजापति गौतमी आदिलाई त्रि-रत्नमा शरणगमन गराईएको थियो। कपिलवस्तुका शाक्य राजकुमारहरू भद्दिय, अनुरुद्द, आनन्द, भृगु, किम्बिल देवदत्त, उपालीले प्रवज्या ग्रहण गरी शरणगमन गरेका थिए (उपाध्याय २७१)। यसप्रकार ऐतिहासिक रुपमा संघको निर्माण हुदै

यसको आकार क्रमशः ठूलो हुँदै गएको थियो। ठूलो जनमानसले बुद्धको मुक्तिकामी उपदेश श्रवण, मनन, चिन्तन र अनुभूति गर्दै अगाडि बढेको थियो। तत्कालीन भारतवर्षको सामाजिक जीवनका हरेक आयामका विद्वान व्यक्तिहरू, वेदवेत्ताहरू, दार्शनिकहरू, विभिन्न धार्मिक पन्थ र सम्प्रदायका मानिसहरू बुद्धको असाधारण व्यक्तित्व, सार्वभौमिक, सार्वजनीन, कालजयी, परमसत्य, साक्षात्कार गराउने स्पष्ट मार्गचित्र सहितको सद्धर्म साथै क्लेशमुक्त, निष्कपट, शील सदाचार सम्पन्न, लोक कल्याणमा मात्र अहोरात्र खटिएको महाकरुणालेयुक्त सघंलाई आफ्नो एकमात्र शरणण्य स्थानका रूपमा स्वीकार गरी शरण गमन गरेका थिए (सांकृत्यायन २९)।

बुद्धकालीन समयमा एक सम्यक सम्बुद्धले आफ्ना शिक्षाहरू प्रसारण गर्ने समाजको ज्ञानको स्तर कस्तो थियो भन्ने सवालहरू पनि उत्तिकै महत्वपूर्ण र विवेचना गर्ने सन्दर्भहरू हुन्छन्। धर्मचक्र प्रर्वतनपछि शिष्यहरूलाई लिएर अगाडि बढेको उहाँको जागरण अभियानमा शाक्यमुनि भन्दा उमेर र अनुभवमा पाका मानिसहरू पनि प्रशस्त थिए। आ-आफ्नो परम्पराको आचार – निष्ठा र साधनाको बलमा ऋद्धिसिद्धि प्राप्त गरिसकेका, त्रिकालदर्शी, आकाशमा आफ्नो योग साधनाको बलमा उड्न सक्ने, आकाशमा बिलाउन सक्ने, अर्काको चित्तलाई थाहा पाउन सक्ने व्यक्तिहरू पनि बुद्धलाई भेटेपछि, धार्मिक आध्यात्मिक संवाद पछि त्रि-रत्नको शरणमा गएका थिए (रिजाल १९)।

यहाँनिर एउटा गम्भीर प्रश्न उठ्छ कि आध्यात्मिक रुपमा यो सम्पन्नस्तर सम्म पुगेका व्यक्तिहरू पनि किन त्रि-शरण गमन गर्दै त्यो समयमा बुद्धको शिक्षा अङ्गिकार गर्न पुगेका थिए ? त्यति मात्र नभएर त्यो समयका अधिकांश राजाहरूले बुद्ध शिक्षा ग्रहण गरी आफ्नो जीवन, राज्यका स्रोत साधन नै बौद्ध शिक्षाको लागि खर्च गरी राजकीय संरक्षण प्रदान गर्न किन पुगे ? यो ऐतिहासिक सत्य हो कि भारतवर्षका बिम्बिसार, अजातशत्रु, अशोक, कनिष्क, हर्षवर्धन हुँदै धैरै शासकहरूले बुद्ध शिक्षा ग्रहण गरी आफ्नो जीवन नै समर्पण गरेका थिए। उनीहरूले स्थापना गरेका बौद्धकलाकीर्ति , बिहार, चैत्य आदि वस्तुबाट, पुरातात्विक अध्ययनबाट आज प्राप्त वैज्ञानिक शोध अनुसन्धानबाट यी तथ्यहरू स्पष्ट रुपमा देखा परेका छन्। विद्वत वर्ग मात्र नभएर सेठ व्यापारीहरू, कृषकहरू, त्यसबेला अछुत र तथाकथित तल्लो जाति मानिने चण्डाल, शुद्र मानिसहरू, महिलाहरू समेत त्रि-रत्नको शरण गमनमा गएर बुद्धको शिक्षा ग्रहण गरेका थिए (१९)।

यी सबै मानिसहरू कसैको बहकाउ, लाभ सत्कार या प्रलोभन, जबरजस्ती परिवर्तन गराएर बुद्धको शरणमा शरण गमन गरेको नभई स्वतः स्फुर्त रुपमा संघमा सामेल भएका थिए। भिक्षु, भिक्षुणी, उपासक उपासिका सहित विशाल चतुः परिषद्ले स्वकल्याण, स्वमुक्ति र लोक कल्याण गर्ने एकमात्र साधनाको रुपमा त्रि-शरण गमन गरी बुद्धशासनमा उत्रेका थिए। बुद्धले मानव मात्रलाई नभएर विभिन्न लोकमा

निवास गर्ने विभिन्न तहका देवी, देवताहरूलाई पनि शरणगमन गराएर बुद्धशासनमा दिक्षित गर्नुभएको थियो।

## सम्पूर्ण बौद्ध अभ्यासको प्रस्थानबिन्दुको रूपमा शरणगमन

बौद्ध प्रणाली अनुरूप कुनै पनि सम्यक सम्बुद्धको शिक्षामा प्रवेश गर्नु निकै ठूलो र दुर्लभ अवसर हो। बौद्ध प्रणालीले बुद्धको शिक्षा आज सम्म जीवन्त रहेको र आजको समयसम्म पनि उहाँको शिक्षा अभ्यास गरी साधकहरूले लाभ उठाइरहेको दाबी गर्दछ। बौद्ध प्रणाली अनुरूप यो भद्रकल्पमा निरन्तर चलेको बुद्धशासन यो भद्रकल्प एवं वर्तमान शास्ता शाक्यमुनि बुद्धबाट सुरुवात गरिएको थियो। उहाँलाई यो भद्रकल्पका चतुर्थ शास्ताका रूपमा शरण गमन गर्ने गरिन्छ। शाक्यमुनि बुद्धभन्दा अगाडि नेपालकै कपिलवस्तुको गोटिहवामा क्रकुच्छन्द र निग्लीहवामा कनकमुनी क्रमशः पहिलो र दोस्रो यो भद्रकल्पका शास्ता हुनुहुन्थ्यो। वहाँ बुद्धहरूका बारेमा त्रिपिटक भित्र र ऐतिहासिक रूपमा ईसापूर्व तेस्रो शताब्दीका सम्राट अशोकद्वारा खडा गरिएको स्तम्भमा अभिलिखित गरिएको छ (डिग १८)।

तेस्रो बुद्धका रूपमा भारतमा जन्मेका काश्यप बुद्धको शिक्षा यस जम्बुद्वीप बाट पूर्णतयाः लोप भएपछि सम्यक सम्बुद्धत्व लाभ गरी पुनः बुद्धहरूको शिक्षा स्थापित गर्ने उद्देश्यका साथ बोधिसत्व सिद्धार्थ लुम्बिनीमा जन्मेको मानिन्छ। सिद्र्धाथको जन्मस्थल लुम्बिनी नै हो भन्ने तथ्यलाई बौद्ध इतिहास, साहित्य, परम्परा, पुरातात्विक प्रमाणले समेत प्रमाणित गरिसकेको अवस्था छ। जातक कथाहरू मार्फत शाक्यमुनि सबभन्दा सुरुवातकालीन चरणमा आफू ब्राह्मण सुमेध रहेको र त्यसबेलाका बुद्धसँग शरण लिएर बौद्ध प्रणाली अनुरुप एक बोधिसत्वको रुपमा अभ्यास थालनी गरेको, लामो समय उहाँको गम्भीर साधनाको मूल्याङ्कन गरी दिपंकर बुद्धले भविष्यमा लुम्बिनीमा जन्मेर शाक्यमुनिका रूपमा सम्यक सम्बुद्धत्व लाभ गर्ने भविष्यवाणी गरेको पाइन्छ। उहाँले तीन असंख्य कल्प सम्म लाखौं बुद्धहरूसँग शरण गमन गरी सत्वहित गर्दै पुण्यको ठूलो राशि र अथाह ज्ञानको भण्डार सञ्चय गर्नु भएको भन्ने तथ्यहरू जातक कथा तथा विभिन्न सूत्रहरूमा उल्लेख गरेको पाईन्छ। धैरै बुद्धहरूको शरण गमन गरी उहाँले ठूलो अधिष्ठान र सत्व हित गर्दै अगाडि बढ्ने उत्प्रेरणा प्राप्त गर्नुभएको मानिन्छ (शर्मा १९४)। शरणगमन बुद्धता लाभ गर्ने चरणको पहिलो सोपान हो। शरणगमन त्रि-रत्न प्रति श्रद्धा उत्पन्न गर्न गरिन्छ। हरेक बुद्धहरूले त्रि-रत्नमा शरण लिएर अभ्यासको बलमा बुद्ध बन्ने प्रक्रियामा आँफूलाई श्रद्धा इन्द्रियको विकास गर्दै त्रि-रत्नको अपार महत्व माथि ध्यान भावना गरी अटल श्रद्धा र विश्वास उत्पाद गर्दछन्।

सुत्तनिपातको कसिभारद्धाजसुत्रमा शाक्यमुनी स्वयंले आफू त्रि-रत्नको उपासक भएको ब्यहोरा खुलासा गर्नुभएको छ। "*सट्टाबीजं तपो बुटि* " अर्थात् श्रद्धा मेरो बीउ हो, तप मेरो वृष्टि हो। "*एवमंसा*

*कसी कट्ठा, सा होति अमतप्फला"* यो मेरो यस प्रकारको लगाईएको खेति हो, जसले अमृतरुपी फल दिन्छ भन्दै बुद्धले आर्यअष्टाङ्गिक मार्गरुपी सोपानमा चढेर मार्गफल प्राप्त गर्ने सन्रदभमा त्रि- रत्न प्रति अटल श्रद्धालु, विश्वास, वीर्यवान अभ्यासीले मात्र अमृतरुपी बुद्धता लाभ गर्ने तथ्य बताउनुभएको पाईन्छ (गोयन्का १५१)। यदि त्रि-रत्नमा शरण गमन भएन भने मानिस आफ्नो सम्पूर्ण जीवन अष्ट लौकिक धर्ममा फँसेर सांसारिक सुखका लागि मात्र यो अमूल्य देहरूपी मानवयोनी विताएर मृत्युवरण गर्दछ। त्रि-रत्नमा शरणगमन गरी अभ्यास गर्दे जाँदा आफूमा त्रि-रत्नका गुणहरू विकास गर्ने अवसर प्राप्त हुन्छ। बौद्ध परम्पराले बुद्धको शरण निकै नै दुर्लभ मानेको छ। स्थिविरवाद परम्परा अनुसार चार असंख्य कल्प र महायान प्रणाली अनुसार तिन असंख्य कल्पको विशाल समय अवधिको निरन्तर प्रयासपछि बल्ल सुमेध ब्राह्मण शाक्यमनि बुद्धका रुपमा सम्यक सम्बुद्धत्व लाभ गर्न सफल हुनुभएको थियो।

*"तथागतस्स अरहतो सम्मासम्बुद्धस्स इमस्स खो,*
*भिक्खवे, एकपुग्गलस्स पातुभावो दुल्लभो लोकस्मि"*

जुन तथागत अरहन्त सम्यक सम्बुद्ध हुनुहुन्छ, त्यस्तो ब्याक्तिको लोकमा प्रादुभाव दुर्लभ हुन्छ। "किच्छो बुद्धानमुप्पादो" बुद्धहरू उत्पन्न हुन कठिन छ।

*"बुद्धो लोकम्हि उत्पन्नो,*
*मनुस्सत्तम्पि दुल्लभं विज्जमानेसु,*
*सवनञ्च, सुदुल्लभं" (ऐ. गोयन्का)*

संसारमा बुद्ध उत्पन्न हुनु दुर्लभ छ। प्राणीले मनुष्य योनीमा जन्म पाउनु दुर्लभ छ। यी दुवै विद्यमान् छन् भने पनि बुद्धद्धारा उपदेशित धर्मको श्रवण अत्यन्त दूर्लभ छ। बौद्ध परम्पराले एकजना सम्यकसम्बुद्ध शाक्यमुनि यस धर्तीमा आवागमन भएको, उँहाले स्थापित गरेको सद्धर्म आज पनि पवित्रस्वरुपमा विद्यमान रहेको साथै अभ्यासी आर्य बोधिसत्वहरू, भिक्षुहरूको संघ पनि सकृय रहेको यो समयवधिलाई अमृतरुपी बुद्धतालाभ गर्ने सु-अवसरका रुपमा लिएर साधनामा अगाडि बढ्नुपर्ने परम्परालाई आजसम्म जोगाएर राखेको पाईन्छ।

## शरणगमनमा विविधता

बौद्ध प्रणालीलाई तीन यानमा विभक्त गरेको पाईन्छ। ती मध्ये श्रावकयान र प्रत्येकबुद्ध यानको लक्ष्य आफ्ना सम्पूर्ण क्लेशरुपी शत्रुहरू नाश गरी मुख्यतया यो संसारको दुःखको जरो तृण्णा र अनित्यको मूलोच्छेदन गरी अर्हन्त अवस्था साक्षात्कार गर्नु रहेको छ। श्रावकयान प्रणालीका विभिन्न शाखा-

प्रशाखाहरू ऐतिहासिक कालक्रममा विकास भएर १८ देखि २४ वटा शाखाहरूमा विभतm भएका थिए। ती मध्ये एउटा थेरवाद प्रणाली मात्र आज एक जीवन्त र गतिशील प्रणालीका रुपमा मुख्यतयाः श्रीलंका, थाइलैन्ड,म्यानमार र सामान्यतया संसारभर जिउँदो जाग्दो अवस्थामा अस्तित्वमा छ। त्यसैगरी महायान अन्त्तगतको पारमितायान चीन,कोरिया, जापान आदी देशमा प्रचलनमा छ। महायानकै अर्को शाखा बज्रयान प्रणाली नेपालको सम्पूर्ण हिमाली भू-भाग साथै दार्जिलिङ, सिक्किम, अरुणाचल प्रदेश, लद्दाक, लाहुल, स्फिती, खुनु आदि भारतिय हिमाली भू-भागमा आजपनि उत्तिकै कृयाशील रुपमा स्थापित छ (रिजाल ३५)।

श्रावकयानीय विहारहरू होस् या महायान बज्रयान प्रणालीको विहार तथा गोन्पामा सधै हुने धार्मिक पाठ पूजा, अनुष्ठान, गुफाबास आदिमा हुने अनिवार्य अभ्यास नै त्रि-शरणगमन हो। बौद्ध श्रद्धालुहरूबाट बुद्धको महापरिनिर्वाण पछि निरन्तर रुपमा मध्यदेश भनिने जम्बुद्विपका विभिन्न बौद्ध स्थलहरूको भ्रमण गर्दे तीर्थाटन गर्दथे। यी बुद्धसंग सम्बन्धित विभिन्न ठाँउहरूमा बुद्धको शरणमा गएर मात्र ध्यान गर्ने परम्परा स्थापित थियो (धम्मिक ७)। गृहस्थ साधकहरूले पनि हरेक दिन त्रि-शरणगमन, पञ्चशील आदि जहिले पनि साधना गर्ने परम्परा पाईन्छ। विहार तथा गुम्बामा बसि लामो साधना गर्ने भिक्षु, भिक्षुणीले दिनमा धेरैपटक शरणगमन गर्दे अभ्यासको मूलमा नै शरणगमनलाई राखेको पाईन्छ। थेरवाद प्रणाली र महायान प्रणालीमा शरणगमनका सन्र्दभमा केहि कुराहरूमा आधारभूत समानता भए पनि दुवै यानको लक्ष्यमा विभिन्नता भएको कारण त्रि-रत्न शरणगमनको प्रकृयामा केहि विविधताहरू रहेको पाईन्छ।

थेरवाद प्रणालीमा सकेसम्म यहि जुनीमानै आफ्नो मनको भित्री तहमा भएका क्लेशहरूको जरो देखि उन्मुलन गरी चर्तुआर्यसत्य, प्रतित्यसमुत्पाद आदिको भावना गर्दे अनित्य, दुःख, अनात्मा साक्षात्कार गरी स्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत्व साक्षात्कार गरिने भएको कारणले युग युग पर्यन्त सम्पूर्ण सत्वको हित गर्ने भन्ने अभिप्रायलाई मनन गरिएको हुदैन। मनको संकल्प नै सबै प्राणीहरूको हित चाहदै सम्यकसम्बोधि नै लाभ गर्ने आशय भन्दा पनि भवसागरको अत्यासलाग्दो, कहालीलाग्दो दुःखबाट मूलतः आफू मुतm हुने अभिप्राय राखिने हुनाले शरणगमनको उद्देश्य र सांस्कृतिक प्रकृयामा पनि त्यहि खालको ब्यबस्था भएको पाईन्छ। शरणगमन साथ-साथमा बोधिचित्तोत्पाद गर्दे बोधिसत्व चर्याको लागि गहिरो संकल्प सहितको प्रणिधानको ब्यवस्थाहरू श्रावकयानीय प्रणालीमा नदेखिनु स्वभाविक मान्न सकिन्छ।

एक भिक्षु, भिक्षुणी, उपासक,उपासिकाको लक्ष्य शिघ्राती शिघ्र अर्हत्व लाभ , निर्वाण लाभ तर्फ उन्मुख हुने भएको कारण सिधा सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श त्याग्दै शील, समाधि र प्रज्ञाको अभ्यासमा

केन्द्रित हुँदै विपश्यनाको अभ्यासबाट साक्षात्कार तर्फ उन्मुख हुने प्रकृयामा जोड बल दिईन्छ। यद्यपि थेरवाद प्रणालीमा पनि स्वभाविक रुपमा सबैप्रति करुणाशील हुने, दशपारमिता, चर्तुब्रह्मबिहारको अभ्यासबाट पुण्य संचय र ज्ञान संचयलाई जोड दिएरै अगाडि बढेको हुन्छ। शरणगमनको लक्ष्य अर्हत्व पद भएका कारण महायानीय स्वरुपका अनेक उपायहरूको उपदेशहरूलाई अनुशीलन गर्ने गरेको पाईदैन (थेर ४९५)।

श्रावकयानीय प्रणालीमा सरल किसिमको भगवान् अरहत सम्यकसम्बुद्धलाई वन्दना गर्दे बुद्ध, धर्म र संघमा जीवन पर्यन्त शरणगमन गईन्छ। सम्यक सम्बोधि लाभ नहुँदासम्म शरणगमन गर्छु भन्ने अंशलाई शरणगमन लिदा समावेश गरेको पाईदैन। वज्रयान प्रणालीलाई बुद्धतासम्म पुग्ने सबैभन्दा छोटो र परिष्कृत प्रणाली मानिन्छ। आधिकारिक शुद्ध सिद्ध परम्पराको गुरुको खोजी गर्ने र उहाँलाई एउटा गुरुको रुपमा मात्र एक सम्यक सम्बुद्धकै स्वरुपमा स्विकार गर्ने साथै गुरुले पनि शिष्यको अमुल्य शिक्षा लिएर अभ्यास गर्न सक्ने पात्रता छ छैन भनि जाँचेर मात्र स्विकार गर्ने प्रचलन विद्यमान रहेको पाईन्छ। शरणगमन गर्दा खेरी नै गुरु, बुद्ध, धर्म र संघ गरी चार तहमा शरणगमन गरिन्छ। महायान वज्रयान प्रणालीको मुटु भनेकै बोधिचित्तोत्पाद हो। शुन्यता र महाकरुणालाई राम्ररी अभ्यास गरी सम्पूर्ण सर्वसत्वलाई आफ्नी आमाकै स्वरुपमा देख्ने साथै आमारुपी आकाश समानका धेरै सत्वहरू संसारको दुःखमा भासिएका छन्। त्यसकारण हरेक पटकको शरणगमन आफुसंगै अरुले पनि शरण लिएको सम्झेर भावना गरिन्छ। सत्वहरूलाई दुःखबाट उद्दार गरी एक सम्यक सम्बुद्ध बनाउँछु भन्ने गहिरो र अटल भाव मनमा लिएर आत्मग्राह र अष्टलौकिक धर्मबाट माथि उठेर शरणगमन गर्ने र त्यहि अनुरुपको अभ्यासमा लाग्ने गरिन्छ। हरेक तान्त्रिक अभ्यासहरूमा विधिवत्रुपमा शरणगमन र अभिषेक पाएर सामान्य काय, वाक, चित्तको रुपान्तरण गरी बुद्धतामा बदल्ने गम्भिर मनोबैज्ञानिक पद्दति लुकेको हुन्छ (रिन्पोछे १)

त्यसकारण शिष्यलाई त्यो खालको मार्गदर्शन गर्न सुयोग्य गुरुको आवश्यकता पर्दछ। यो कारणले वज्रयानीय प्रणालीमा गुरुकोमा शरणगमन गर्ने भन्ने विन्दु असाध्यै महत्वपूर्ण चरणका रुपमा लिएको पाईन्छ। वज्रयानका सम्पूर्ण अभ्यासहरू चर्तुआर्यसत्य, प्रतित्यसमुत्पाद, सैतिसबोधिपाक्षिक धर्मको मूल प्राणसंग सुसंगत हुन्छन्। ती गम्भिर सिद्धान्तहरूलाई शिष्यले मनोभौतिक शरीरले अधिगम गर्ने र अविपरीतरुपमा साधनालाई सम्यकसम्बुद्धतारुपी फलतर्फ डोर्याउन साथै हर हालतमा हरेक कर्ममा सत्वप्रति महाकरुणा उत्पाद गर्नपनि त्याँहा आधिकारिक गुरुको निर्देशन आवश्यकता हुने हुनाले गुरुलाई बुद्धकै रुपमा देख्ने, त्यहि अनुरुपको चर्या गर्ने कुरा धेरै महत्वपूर्ण मानिन्छ। त्यसैकारण बुद्ध, धर्म,संघ र गुरु गरी ४ तहको शरणगमन गर्ने शैली वज्रयानमा स्थापित भएको पाईन्छ। एकजना सुयोग्य गुरुले कुशलतापूर्वक शिष्यको चित्तको गर्भमा लुकेको बुद्धतारुपी शुन्यता र प्रभाश्वर अवस्थालाई अभिषेक मार्फत् चिनाउने र त्यसैमा बारम्बार निपूर्णता हासिल गर्न सिकाईन्छ। बज्रयानको यो अद्धितीय फल याने

बुद्धतालाई चिनाउने गुरु नै भएकोले गुरुलाई बुद्ध समान नै आदर गरी गुरुकै शरणमा जाने परम्परा स्थापित गरिएको देखिन्छ।

शाक्यमुनि बुद्धको शरणगमनमा मनुष्यमात्र नभएर अमनुष्यहरू, अनेकन देवीदेवताहरू, धेरै बोधिसत्वहरू गएका थिए। विभिन्न तह र तप्काका शिष्यहरूलाई उनीहरूको क्षमता, रुची, अध्याशय बमोजिमका शिक्षाहरू उहाँले प्रदान गर्नुभएको मानिन्छ। ती शिक्षाहरू लामो अटुट श्रंखलाबद्ध चरणबाट विभिन्न इष्ट देवी, देवता, बोधिसत्व हुदै आजसम्म प्रसारण भईरहेको मानिन्छ। भगवान् शाक्यमुनि देखि वज्रसत्व जस्ता संभोगकाय स्वरुप, मञ्जुश्री, वज्रपाणी जस्ता बोधिसत्व हुदै अुटट शुद्ध सिद्ध परम्परामा हरेक गुरु हुदै बर्तमानमा आफ्नो गुरुसम्म शरणगमन गईन्छ (लाल ३)। हरेक दिन मूल परम्पराका सम्पूर्ण सद्गुरुहरूप्रति हार्दिक रुपमा कृतज्ञ हुदै उहाँहरूको अधिष्ठान सहित बढि भन्दा बढि सत्वको यथार्थ कल्याण गरी भगवान् बुद्धको शिक्षालाई जिउँदो जाग्दो स्वरुपमा कायम राख्नु पनि एक शिष्यको कर्तब्य मानिन्छ। गुरुलाई बुद्ध र आफुलाई पुत्रकै रुपमा स्थापित गर्ने महायानीय शैलीले आजसम्म पनि लोकलाई कल्याणमार्गमा अविपरित रुपमा लाग्न प्रेरणा दिएको पाईन्छ। आजपनि तिब्बत, चीन, जापान, कोरिया सम्मका भिक्षु भिक्षुणीले आफूलाई शाक्यपुत्र, पुत्रीको रुपमा गौरव अनुभूति गर्दै शाक्यमुनिले स्थापित गरेको बुद्ध शासनलाई उच्चसमानका साथ हृदयमा सजाएको पाईन्छ।

शरणगमन गर्दा बुद्ध, धर्म र संघका गुणहरूलाई बुझेपछि त्रि- रत्नप्रति सहजरुपमा मनमा श्रद्धा पैदा भएपछि मात्र त्यसलाई सहज शरण मानिन्छ। ऐतिहासिक रुपमा वोधिसत्व सिद्धार्थको शरणगमनमा तत्कालिन समयमा समाधिको उच्च तह प्राप्त गरेका, ठूलो ऋद्दि-सिद्दि प्राप्त लोक प्रख्यात् कालदेवल ऋषि गएका थिए। भगवान् बुद्ध बन्ने प्रयोजनका लागि भर्खर जन्मेका बोधिसत्व सिद्धार्थको तेजस्वी शरिर, बत्तिस लक्षण र असि अनुब्यञ्जनले युक्त शरिर देखेर तत्काल उनले वोधिसत्वलाई "*अनुत्तराय द्धिपदानमुत्तमो*" द्धिपहरूमा अग्र र अनुत्तर भनेर घोषणा गरेका थिए। ती ऋषिले आफ्नो आयु थौरै मात्रै बाँकी रहेको आफूलाई भगवान्को रुपकायको दर्शन प्राप्त भएको अवसरमा सर्वाधिक खुशी ब्यक्त गर्दे यी कुमारले परम् विशुद्ध निर्वाणदर्शी भएर सम्बधि प्राप्त गर्नेछन्। बहुजनको हितको लागि अनुकम्पा गरेर धर्मचक्र प्रर्वतन गर्नेछन् र यिनको शिक्षा अर्थात् ब्रहमचरिया, धम्मचरिया टाढा टाढा सम्म फैलिने छ भन्ने भविष्यवाणी गरेका थिए (धर्मरक्षित अनुः१५०)।

*"सम्वोधियग्गं फुसिस्सतायं कुमारो,सो धम्मचकं परमविसुद्धदस्सी*
*वत्तेस्सतायं बहुजनहितानुकम्पी , वित्थारिकस्स भविस्सति ब्रहमचरियं ऽ" (सुत्तनिपात ६९८, नालक सुत्र)*

महायान-वज्रयान प्रणालीले गुरु, बुद्ध, धर्म, सघंको शरणगमन बाहेक आफ्नै चित्तको शरणमा जाने

शैलीलाई अवलम्वन गर्ने गरेको पाईन्छ। सो चित्तलाई शुन्यता र प्रभाश्वरले युक्त धर्मकाय मान्दै त्यसैको शरणमा जाने र त्यसै अवस्थामा हरदम रहने साधना पद्धतिलाई अभ्यासमा ल्याएको पाईन्छ। विशेषगरी लङ्कावतार सुत्र, तथागर्भसुत्र आदिमा भगवान् बुद्धले सबै सत्वहरूमा बुद्धताको वीज स्वरुप तथागत गर्भ, सुगतगर्भ रहेको कुरा बताउनु भएको पाईन्छ। त्यस विजस्वरुप तथागत गर्भलाई साधनाको बलमा मलजल गर्दे अन्तमा फलरुपी सम्यकसम्बुद्धमा अधिगम गर्ने शैलिलाई महायानीय परम्पराले अवलम्वन गरेको पाईन्छ। हे बज्रतन्त्रमा सत्वहरू वास्तवमै बुद्धहरू नै हुन्। तर त्यो बुद्धतालाई आगन्तुक मलको आवरणले ढाकेको हुन्छ भनेर बताईएको पाईन्छ।

*"सत्वा बुद्धा एव किन्तु आगन्तुकमलावृता*
*तस्यापकर्षाणापत् सत्वा बुद्धा एव न संशयः" (नेगी ३)*

वज्रयान अभ्यास पद्धतिमा गुरुबाट शरणगमन पश्चात् चित्तको स्वरुप चिनाईन्छ, त्यसैमा रहन सिकाईन्छ। त्यो चित्तको स्वरुप औंल्याउने गुरु भएकाले वज्रयान प्रणालीमा गुरुलाई त्रि-रत्नकै स्तरमा राखेर शरणगमन गरिएको देखिन्छ। पृथकजनले शुन्यता र प्रभाश्वरले युक्त धर्मकायलाई देख्न, चिन्न सक्दैन। त्यसलाई चिनाएर त्यसमा रहन र सम्यकसम्बुद्धता सम्म पुर्न गुरुले नै भूमिका खेल्ने भएकोले गुरुको शरण चाहिएको देखिन्छ। यो हिसाबले पूर्वीय अन्य आध्यात्मिक प्रणालीमामा भन्दा बौद्ध प्रणालीमा गुरुको भूमिकाको सन्दर्भमा धेरै ठूलो अन्तर देखिन्छ। महायानका शास्त्रहरूमा मुख्यरुपले तीन किसिमका त्रि-रत्नको बारेमा उल्लेख गरेको पाईन्छ। ती हुन्ः

१. तथता त्रि-रत्न
२. अभिसमय त्रि -रत्न
३. सम्मुखस्थ त्रि-रत्न।

त्रि-रत्नको परमार्थ स्वरुपलाई नै तथता त्रि-रत्न भनिन्छ। जगत्को एक मात्र शरण भनेकै परमार्थ स्वरुपको बुद्धतालाई मानिन्छ। यो मार्गमा अनुभव गरिने चारआर्यसत्य र सैतिस वोधिपाक्षिक धर्म आदि अनाश्रव धर्महरू नै अभिसमय धर्मरत्नहरू हुन्। सम्मुखस्थ त्रि-रत्न भन्नाले भगवान् भगवान् बुद्धको प्रतिकका रुपमा प्राण प्रतिष्ठा भएका मूर्ति, थान्का आदि पर्दछन् (रिजाल २४-२७)।

भगवान् बुद्ध अहिले हाम्रा सामु हुनुहुन्न। अतः बौद्ध प्रणालीमा शरणगमन गर्दा उहाँका प्रतिमाहरू अगाडि श्रद्धापूर्वक उहाँको गुण स्मरण गर्दे आधिकारिक गुरुबाट शरणगमन गर्ने गरिन्छ। शरण गएपछि त्रि-रत्नलाई सदा शिरोधार्य गुरुका रुपमा अविचलित स्मरण गर्ने भगवान् बुद्धका शिक्षाहरू लेखिएका ग्रन्थ रत्नलाई सद्धर्मका रुपमा उच्चस्थानमा राख्ने, स्तूपहरूलाई परिक्रमा गर्न बौद्ध सांस्कृतिक प्रचलनहरू

राम्ररी स्थापित भएका देखिन्छन् । श्रावकयानदेखी महायान-वज्रयान सम्मका सम्पूर्ण बौद्ध प्रणालीहरूले *“इतिपि सो भगवा सत्था देवमनुस्सानं”* को रुपमा बुद्ध प्रति गौरव गरेको पाईन्छ । भगवान् बुद्ध केवल मनुष्यको मात्र गुरु नभएर ब्रह्माण्डमा भएका सम्पूर्ण लोकका देवता, यक्ष, किन्नर, कुभाण्ड नागका पनि गुरु मानिन्छ । प्रथम धर्मचक्रप्रवर्तनमा नै कौडन्य लगायतको पञ्चवर्गिय भिक्षु सहित १८ करोड देव ब्रह्माहरूले बुद्धको शरणगमन गरेका थिए भन्ने प्रसङ्ग पाईन्छ (सुजाता ३०) । बौद्ध परम्परामा बोधिसत्व सिद्धार्थले विभिन्न कल्पमा अनेकौ बुद्धहरूको शरणगमनमा गएको प्रसङ्गहरू पाईन्छन् । बुद्धवंशमा २८ बुद्धहरूको बारेमा उल्लेख गरीएको छ । वज्रयान पद्धतिमा पञ्चबुद्ध, हेवज्र, वज्रयोगिनी , चक्रसंवर जस्ता इष्टदेवताहरूको शरणमा गएको देखिन्छ । यी बुद्धहरू ऐतिहासिक बुद्ध नभएर शाक्यमुनिको ज्ञानलाई प्रतिनिधित्व गर्ने सांकेतिक एवं इतिहासातित रुपकका रुपमा प्रयोग गरिने इष्टदेवताहरू हुन् ।

बौद्ध प्रणालीमा कलाकीर्तिको विकास हुने क्रममा विभिन्न कालखण्डमा बनेका विहार, स्तूप, गुफाहरूमा दाँया घुडाले पृथ्वीमा टेकेर बुद्धभगवान्तिर हात जोडेर सम्मान प्रकट गरेका मूर्ति, भित्तेलेखन चित्र आदिहरू आज पनि देख्न सकिन्छ । पालि त्रि-पिटक भित्र नै इन्द्र, ब्रह्मा आदि धेरै देवताहरूले शरणगमनका लागि, सद्धर्मका लागि बुद्धसम्म याचना गरेका अनेकन् प्रसङ्गहरू पाईन्छन् ।

*“देसेतु,भन्ते, भगवा धम्मं”*
*“देसेतु सुगतो धम्मं”*

अर्थात् भन्ते भगवान् धर्मको उपदेश दिनुहोस्, सुगत धर्मको देशना दिनुहोस् भन्ने संयुक्त निकाय ब्रह्मायाचनसुत्रको यो माथिको प्रसङ्गबाट भगवान् बुद्ध मनुष्यहरू सहित सम्पूर्ण देवता हुनुहुन्थ्यो भन्ने तथ्य प्रमाणिक देखिन्छ । छब्बिससय बर्षदेखि अनवरत रुपमा अनेकन् देवताहरू, बोधिसत्वहरू, मनुष्यहरू त्रि-रत्नमा शरणमा गएर साधना गरिरहेको बौद्ध धर्मको शरणगमन भित्र एउटा अनौठो र जीवन्त परम्परा भारतीय उपमहाद्धिप लगायत अन्य ठुलो भू-भागमा प्रसारित भएको पाईन्छ । बुद्धधर्म भित्रको शरणगमन प्रकृयालाई समग्र बुद्ध धर्मलाई बुझ्ने बुझाउने क्रममा भारतवर्षमा फरक ढङ्गबाट बुझाउने क्रम झण्डै बाह्रौ, तेह्रौ शताब्दिबाट शुरुवात भएको मानिन्छ । संस्कृत भाषाका प्रसिद्ध महाकवि जयदेवले आफ्नो काव्य रचना “गीत गोविन्द” मा समेत भगवान् बुद्धलाई विण्णुको नवौं अवतारको रुपमा स्तुति गरेका छन् ।

*निन्दसि यज्ञविध्रेरहह श्रुतिजातं, सदयहृदयर्दिर्शतपशुघातम् ।*
*केशव ! धृतबुद्धशरीर ! जय जगदीश हरे । ।*

अर्थात्, ओ करुणापूर्ण हृदय ! हजुर वेदवाट प्रतिपादित यज्ञीय कर्मकाण्ड विधिवाट असहमत

भएर अकारण गरिने पशुवलीको विरोध गर्नु भयो। हे केशव तपाई बुद्धको शरीरमा अवतरण भएर धर्मभिरु समाजलाई सम्यक मार्गमा हिँडाउनु भएकोले, तपाइको जय होस् (सिहं VI)। यसरी बुद्धधर्मको अपव्याख्या हुने क्रममा तत्कालीन विभिन्न पूराणहरूले ठूलो भूमिका खेलेका थिए। त्यसको प्रभाव कविहरूमा समेत पर्न गएको देखिन्छ।

## शरणगमनका अनुशंसाहरू

बौद्ध प्रणालीमा शरणगमनलाई नै लौकिक अर्थ सिद्दिसंगै मुक्ति अर्थात् नैःश्रेयसको द्धारका रुपमा लिएको पाईन्छ। शरणगमनका लाभहरूलाई अनुशंसा भनिन्छ। त्रि-शरणगमन भित्र पनि बुद्धको शरण नै परमार्थ शरण मानिन्छ। बौद्ध परम्पराले यदि शुद्ध आशय र दोष रहित शरणगमन गरियो भने शरणगमनको क्षणदेखी नै ब्यक्त या अब्यक्त रुपमा लाभ हुन्छ भन्ने मान्यता राखेको पाईन्छ। शरणगमन गर्दा यदि यहि जीवनको दुःखलाई हटाउने र तिब्र गतिमा आफ्ना मानसिक क्लेश क्षयीकरणमा लाग्दै अर्हत् बन्ने लक्ष्य राखेको खण्डमा त्यहि अनुरुपका लाभहरू साधकमा देखापर्ने हुन्छन्। काल्पनिक, तथाकथित ईश्वर प्रतिको आशा हराउँछ। अन्धविश्वासले व्रत, वलि, सम्यक दृष्टिबाट च्यूत भएका अनावश्यक कर्मकाण्डीय यज्ञ, हवन जस्ता फजुल र अनावश्यक कामबाट मुक्त मिल्छ। शरणगमन पश्चात् असल साधकले शील पालना गर्नाले अकुशल कर्म संचय हुन पाउँदैनन्। शरणगमनको गौरवले लौकिक देव, देवताको अनावश्यक साधना गर्ने काम बन्द गराउँछ भने बुद्धको शरणमा गएका देवीदेवताहरूले साधकको रक्षा गर्ने, साधना गर्न उपयुक्त वातावरण प्रदान गर्ने गर्दछन्। यदि सम्यकसम्बुद्ध नै बन्ने अभिप्रायका साथ शरणगमन गरिएको छ भने बोधिसत्व संवरको पालनाले सत्वकल्याणको ढोका उघार्दे बोधिसत्वका उच्चभूमिहरू लाभ हुन्छन्। कुशलकर्मले पहिलाको जन्मका अकुशल कर्म काट्न प्रतिपक्षको काम गर्ने भएकोले विभिन्न खालका शारीरिक र मानसिक विध्नवाधाहरू हट्दै जान्छन्। दुर्गतिका द्धारहरू बन्द हुन्छन् (शाक्य अनुः १३१)।

सामान्यतयाः बुद्धको शरणमा गएर राम्ररी अभ्यास गरेको ब्याक्तिहरूको मृत्युको क्षण शान्तिमय हुन्छ। होशपूर्ण हुन्छ जसका कारण उनीहरू दुर्गतिमा जादैनन्। पूर्वजन्मका संचित अकुशल कर्मका कारण बुद्धका शरणगमन गरेका ब्याक्तिहरूको मृत्युवरण सहज नभएका प्रसङ्गहरू पनि बौद्धग्रन्थमा उल्लेख गरेको पाईन्छ। कर्मको फल जसरी पनि भोग्नुपर्ने कारण ती असहज परिस्थितिलाई पनि समभावमा हेरेर अकुशल कर्मको छापलाई रित्याउने अभ्यास बौद्ध पद्धतिमा रहेको पाईन्छ। उनीहरूले मनुष्यको शरीर छाडेपछि कुशलकर्मको प्रभावले दिब्यकाययुक्त देवताको जुनी प्राप्त गर्दछन् ( रिजाल ३८)। बौद्ध प्रणाली अनुसार शरणगमनको लक्ष्य सुगति लोक प्राप्त गर्ने भने तय गरेको पाईदैन। बौद्धहरूले मृत्युकै क्षणमा

धर्मकाय लाभ गरी निर्वाण लाभ गर्ने या बोधिसत्वले सत्व हितका लागि मृत्यु पछि पनि आफ्नो इच्छा र उद्देश्य अनुसार आफ्नै मनको नियन्त्रणमा पुनः जन्म ग्रहण गर्ने अधमुक्ति राखेको पाईन्छ। शरणगमनको कारणले अमिताभबुद्धको क्षेत्र, खेचरलोक जस्ता बुद्धक्षेत्रमा जन्मने कारक बन्ने कारणले गर्दा बुद्धहरूको शरणगमनबाट नै यी कुराहरू सुनिश्चित हुने देखिन्छ।

शरणगमनको बौद्ध ब्याख्या प्रणालीको दृष्टिकोण भनौ या दार्शनिक आधार प्रतित्यसमुत्पाद भएकोले सरसर्ती हेर्दा पौराणिक कथन जस्तो प्रतीत भएपनि बौद्ध परम्पराको अभिधार्मिक दृष्टिकोणबाट नै सुगतिलोक, बुद्धक्षेत्रहरू आदि विषयबस्तुलाई प्रमाण, तर्क र अनुभुतिबाट नै साक्षात्कार गर्न सकिने यथार्थतालाई औल्याएको पाईन्छ। पाली त्रि-पिटक अन्तगतको दीर्घ निकायको महापरिनिर्वाण सूत्रमा त्रि-रत्नको शरणगमन गरी स-श्रद्धा लुम्बिनी, बोधगया आदि भगवान् बुद्धका तीर्थस्थलमा जाने श्रद्धालुहरूको अपायगतिको द्धार बन्द हुन्छ भन्ने तथ्यलाई स्पष्ट पारिएको छ (बज्राचार्य २७३)।

श्रावकयानीय र महायानीय शरणगमनको लक्ष्य सुगति होईन। शील, समाधि र प्रज्ञाको अभ्यासबाट प्रज्ञाविमुक्ति लाभ गर्ने प्रणालीलाई बौद्ध परम्पराले लोकोत्तर मार्ग भनेको पाईन्छ। बौद्ध इतर प्रणालीले शरणगमनको प्रकृयालाई भूमि, मार्ग र फलको हिसाबले परिष्कृत बनाएको देखिदैन। सामान्यतयाः लौकिक लाभका लागि शरण गमन गर्ने र समाधि मात्र प्राप्त गर्ने अभ्यासलाई बौद्ध प्रणालीले अस्थायी विमुक्ति अर्थात् चेतोविमुक्ति भन्ने गरेको पाईन्छ (राणा १३०)। वोधिसत्व सिद्धार्थले कपिलवस्तुको राजकीय सुख सयललाई त्याग गरि तपस्या गर्ने क्रममा समाधिका विभिन्न चरणको पार गर्दे प्राप्त गरिने मोक्षको अवस्थाले जन्म, जरा, व्याधि लगायत भव सागरको दुःखःलाई काट्न नसक्ने निर्णय गरी आलारकालम र खुद्दकरामपुत्र जस्ता गुरुहरूको शरणलाई त्याग गर्नुभएको थियो। आफ्नै पहिला जन्मको बौद्ध प्रणाली अनुरुप अभ्यास गरेको बलमा विपश्यना ध्यानबाट सम्यक सम्बुद्धत्व लाभ गर्नुभएको थियो। तत्कालीन समयमा स्थापित गुरुको शरणमा जाने र समाधिको मात्र अभ्यास गर्ने शैलिले ठूलो फड्को मारी एक सम्यकसम्बुद्धको शरणमा जाने,उहाँले देशना गर्ने सद्धर्म र लोकोत्तर प्रज्ञा चक्षु जगाएका उहाँका श्रावक र बोधिसत्व शिष्यको गणसंग शरणगमनमा जाने शैली बौद्ध प्रणालीले छब्बीससय बर्ष अगाडि देखि स्थापित गरेको साधना प्रणाली थियो। यो परम्परा आजपनि उत्तिकै कल्याणमयी, दुःख विमोचनी, सुख शान्ति प्रदायक, जातपातको साम्प्रदायिक वन्देजबाट मुक्त छ।

## निष्कर्ष

भगवान् बुद्ध नेपाली धर्ती पुत्र हुनु भएकोले सबै नेपालीले उहाँ, उहाँको शिक्षारुपी धर्म र संघप्रति शरणगमन गर्नु श्रद्धा, गौरव राख्नु सराहनिय विषय हो। लुम्बिनीमा जन्मनुभएको र भारतको ठूलो

भुगोलमा उहाँले सद्धर्म फैलाउदै विचरण गर्नुभएको कारणले वँहाप्रति स्वभाविक रुपमा यो क्षेत्र ऋणी छ। मानिसका दुःख हटाउने औषधिका रुपमा बुद्धको शिक्षाको औचित्यता र महत्व आजको समयमा झन् टड्कारो रुपमा देखिएको छ। बुद्धको शिक्षामा गर्व गर्न, राम्रो छ भन्ने बौद्ध सम्पदालाई राष्टिय संस्कृतिको अभिन्न अङ्गको रुपमा आत्मसात् गर्ने प्रवृति बढ्दो छ। तर रोग निको हुनलाई विरामीले औषधि सेवन नै गर्नुपरे जस्तै हामी नेपालीले बुद्धको, धर्मको र संघको शरणमा सच्चा रुपमा आश्रय लिनु पर्दछ। आम रुपमा पढेलेखेका, सुशिक्षित ब्याक्तिले बौद्ध शिक्षालाई पढ्ने, लेख्ने, अनुसन्धान गर्ने, प्राज्ञिक गतिविधिमा चासो राख्दैमा सच्चा शरणगमन र बौद्ध आचरणको परिपालना र गहन साधनाविना रुपान्तरण संभव हुदैन शरणगमन गएपछि आफूँलाई वन्धनमा परेको जस्तो ठान्ने, बौद्ध शिक्षालाई लौकिक शिक्षा सरह हल्का फुल्का रुपमा आत्मसात गर्ने प्रवृतिलाई चिर्नु सबैभन्दा जरुरी देखिन्छ।

बौद्ध शिक्षा भित्रको दूर्लभ रत्नलाई उत्खनन् गरी लौकिक र आध्यात्मिक सम्वृद्धि हासिल गर्न त्रि-रत्नरुपी खजानालाई चिन्ने, भावना गर्ने, बौद्ध मार्ग र अबौद्ध मार्गलाई सहिरुपमा पहिचान गर्न पनि सर्वप्रथम त्रि-रत्नका बारेमा प्राज्ञिक अनुसन्धान आवश्यकता पर्दछ। शरणगमनमा जानु, शील ग्रहण गर्नु, तदनुकुल ध्यान साधनामा तल्लीन हुनु, पुण्यकर्महरूको वृद्धि गर्दै लोककल्याणमा समर्पित हुने चर्याले मात्र बौद्ध शिक्षालाई जीवन्त वनाउन सक्दछ। विभिन्न प्राकृतिक कारण र धार्मिक उथलपुथलबाट बुद्धको शिक्षा तोडमोड भएको पाईन्छ। जसका कारण विल्कुलै अमिल्दो गरी भगवान् बुद्धलाई ईश्वरको नवौं अवतार बनाईएको देखिन्छ। ईश्वर, परमात्मा जस्ता बौद्ध दार्शनिक सिद्धान्तले अमान्य सावित गरेका धारणा थपेर विशुद्ध, निर्दोष, निश्चल, निष्कलंक बौद्ध परम्परा माथि अपवित्र व्याख्या गरिएको देखिन्छ।

बौद्ध शिक्षा जस्तो सार्वजनीन, सार्वभौमिक, सार्वकालिक, सनातन प्रयोगबाट स्वयंले अनुभुति गर्ने स्वतन्त्र प्रणालीलाई यसले अवलम्वन गर्ने त्रिशरणगमनको अटुट परम्परालाई पुनः स्थापित गर्नु आजको समस्यायुक्त विश्वसमाजको लागि सर्वोपरी आवश्यकताको विषय भएको छ। यो परम्परा आज पनि अटुट र जिउँदो जाग्दो, जल्दोबल्दो रुपमा यो पावन भूमिमा स्थापित छ। तर यो परम्परालाई हेर्ने र यसको उत्थान गर्ने सन्दर्भमा आम मानिसको सुझबुझ भने पृथक छ। मिथ्या मान्यता, धारणाले गाँजेको आजको बदलिदो विश्वका धेरै समस्या, दुःख निवारण गर्ने अचुक उपायहरू रहेको बौद्ध परम्पराले अङ्गाल्ने पहिलो खुड्किलो भने त्रिशरणगमनलाई लिएको पाईन्छ। त्रिशरणगमन नै बौद्ध मार्गको दार्शनिक आधार, रुपान्तरणको साधन र मुक्ति स्वतन्त्रताको प्रस्थान विन्दु हो। शरणगमनलाई बौद्ध परम्परा अनुसार स्थापित गर्न सकेको खण्डमा मात्र साँचो अर्थमा नेपालको धरोहर बौद्ध संस्कृति, बौद्ध परम्परालाई जगेर्ना गरी भावी पिढीलाई यो अमुल्य सम्पदा हस्तान्तरण गर्न सकिन्छ।

## सन्दर्भ सामग्री


उपाध्याय, भरतसिंह, *बुद्धकालीन भारतिय भूगोल*, हिन्दी साहित्य सम्मेलन, ई.सं २००९।

गोयन्का, सत्य नारायण, *त्रिपिटकमा सम्यक सम्बुद्ध, भाग १*, नेपाल विपश्यना केन्द्र, २०७०।

नेगी, वङ्छुग दोर्जे, *वज्रयान दर्शन एवं साधना*, केन्द्रिय उच्च तिब्बती शिक्षा संस्थान, ई.स. १९९८।

प्राणपुत्र, भदन्त सम्यक संबोधि, *सम्यक सम्बुद्ध*, सुखी होतु नेपाल, वि.स. २०६०।

बज्राचार्य, दुण्ड बहादुर (अनुः) *दीघ निकाय*, विरपूर्ण पुस्तकालय , २०५६।

धर्मरक्षित (अनुः) *सुत्त निपात*, गौतम बुक सेन्टर ई.स.१९५१।

राणा, श्रीधर रिम्पाछे, बो*धिपुष्पाञ्जलि*, व्योमाकुसुमा, बुद्धधर्मसंघ, वि.सं २०६४।

रिजाल, नारायण प्रसाद (अनुः), *बोधिचर्यावतार*, सिद्धि बहादुर श्रेष्ठ,रुक्मिणी श्रेष्ठ,इ.स २००१।

---, *महायान बौद्धादर्श*, व्योमाकुसुमा, बुद्धधर्मसंघ, २०७३।

---, *बौद्ध आदर्श,* व्योमाकुसुमा बुद्धधर्मसँघ, २०७०।

रिन्पोछे(सं), *सम्दोङ*, बिमल प्रभा, केन्द्रिय उच्च तिब्बती शिक्षा संस्थान,इ.सं १९९४।

लाल(सं), बनारसी, *बौद्ध तन्त्र वाङमय,* केन्द्रिय उच्च तिब्बती शिक्षा संस्थान,इ.सं २००५।

शाक्य, मिलन (अनुः), *सद्धर्मचिन्तामणिमोक्षरत्नालंकार*, नागार्जुन बौद्ध अध्ययन संस्थान, २०६४।

शास्त्री, शान्तिभिक्षु, *ललितविस्तर*, उत्तर प्रदेश हिन्दी संस्थान, ई.स. १९८४।

शर्मा, तुलसीराम (अनुः), *महायान बौद्धधर्मको रुपरेखा*, ईस्टर्न बुक लिकर्स, ई.स. २००७।

सांकृत्यायन, राहुल, *बुद्धचर्या*, गौतम बुक सेन्टर, ई.स. १९३०।

सुजाता, *स्तूप वंश*, सुत्र पब्लिकेशन , वि.स. २०६५।

सिहं, परमानन्द, *बौद्ध साहित्यमा भारतीय समाज*, मोतिलाल बनारसीदास, ई. सं १९९६।

Max Deeg, *The Places where Siddhartha Trod: Lumbini and Kapilvastu,* Lumbini International Research Institute, 2003.

Santina, Peter Della, *The Tree of Enlightenment*, The Corporate Body of the Buddha Education Foundation, 1997.

Thera, Narendra, *The Buddha and His Teachings,* Buddhist Missionary Society, 1998.